(३) विषयगत क्षेत्रका सशर्त अनुदानको लागि देहाय बमोजिमका स्रोतहरू व्यवस्था गरिने छ ।

(क) नेपाल सरकारले स्थानीय तह मार्फत विषयगत कार्यालयबाट कार्यक्रम सञ्चालन हुने गरी उपलब्ध गराउने निक्षेपित कार्यक्रमको रकम ।

(ख) स्थानीय तहले आफ्नो स्रोतबाट विषयगत कार्यक्रमका लागि छुट्याउने रकम ।

(ग) स्थानीय तहले केन्द्रीय सरकार तथा प्रादेशिक सरकार वाट प्राप्त सशर्त र निशर्त अनुदानमध्येबाट विषयगत कार्यक्रमलाई छुट्याउने रकम ।

(घ) अन्य क्षेत्रबाट प्राप्त रकम ।

## परिच्छेद - १०

## विविध

**३७) वडा समिति लाइ अनुदान दिनेसम्बन्धी व्यवस्था :** १) प्रत्यक अर्थिक वर्षमा नगर स्तरिय श्रोत अनुमान समितिको प्रतिबेदन अनुसार कार्यक्रम तथा बजेट तर्जुमा समितिको प्रतिबेदन अनुसार नगरकार्यापलिका को निर्णय बमोजिम वडा समितिको बार्षिक बजेट तयार गरि सो अनुदानका विनियोजनका लागि अख्तियार प्रदान गर्ने छ ।

### ३८) गैरसरकारी संस्थासम्बन्धी व्यवस्था

१).गैरसरकारी संस्थाले आफ्ना कार्यक्रम वा आयोजना वा स्रोत स्थानीयस्तरमा परिचालन गर्दा सम्वन्धीत स्थानीय तहको पुर्व स्वीकृत लिइ आँफूले गर्ने काम, कार्यस्थल र प्रवाह गर्ने रकम, कार्य सञ्चालन हुने अवधि, मुख्य उपलब्धी खुल्ने गरी अगमन गरी समझदारीपत्र तयार गरी समन्वयात्मक ढंगले कार्य सम्पादन गर्नु पर्नेछ ।

२) गैरसरकारी संस्थाले प्रचलित स्थानीय कानून बमोजिम संस्थाको दर्ता, नवीकरण, लेखा परीक्षण प्रतिबेदन तथा वार्षिक प्रतिबेदन स्थानीय तहमा वार्षिकरुपमा पेश गर्नुपर्नेछ ।

३) गैरसरकारी संस्थाले कार्यक्रम वा आयोजना सञ्चालन गर्दा स्थानीय तहबाट प्राथमिकरणमा परेका र सहभागितामूलक तवरबाट छनौट भई आएका कार्यक्रम वा आयोजना सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

४)अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले कार्य सञ्चालन गर्दा प्रचलित कानून बमोजिम पारदर्शी र प्रतिस्पर्धी तवरबाट राष्ट्रिय वा स्थानीय स्तरमा कार्यरत गैरसरकारी संस्था छनौट गरी सो मार्फत सञ्चालन गर्नुपर्नेछ । साथै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले स्थानीय तह वाट प्रारम्भिक स्वीकृती नलिइकन कुनै पनि कार्यक्रम वा आयोजना सञ्चालन गर्न पाउने छैनन् ।

**३९) निर्देशनको पालना** : स्थानीय तहले यस कार्यविधिका प्रावधानहरूको अतिरिक्त नगर सभाले तोकिएका शर्तहरू, केन्द्र तथा प्रादेशिक सरकारले गरिएका परिपत्र एवम् निर्देशन पालना गर्नु गराउनु पर्नेछ ।

### ४०) थपघट वा हेरफेर गर्न सक्ने

यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि लमही नगरकार्यपालिका ले कार्यविधिमा आवश्यकता अनुसार थपघट तथा व्याख्या गर्न सक्नेछ ।

### ४१) खारेजी र बचाऊ

